# इतिहास संशोधनको केही संशोधन

मोहनप्रसाद खनाल

वि. सं. १३७७ साल चैत्र कृष्ण द्वादशीका दिन रुद्र मल्लले आफ्ना नाता पर्ने अरि मल्ललाई देउपाटनमा राज्याभिषेक दिई राजा तुल्याए । परन्तु गद्दीमा अरि मल्ल बसेका भए पनि राज्यको बागडोरचाहिं रुद्र मल्लकै हातमा थियो । तर वि. सं. १३८३ साल आषाढ पूर्णीमाको राति ३० वर्ष ८ महीनाको उमेरमा रुद्र मल्लको मृत्यु भयो । रुद्र मल्लका छोरा वीर मल्ल र त्रिभुवन मल्ल जन्मी केही कालमानै मरेकाले छोरी नायक देवीलाई बज्यै पद्मुमल देवी, र देवल दुवैले पाले । त्यसपछि वि. मं. १४०१ मा गद्दीमा बसेका अरि मल्लको पनि देउपाटमा मृत्यु भयो । अरि मल्लको सन्तान कोही पनि नहुंदा राजगद्दी चाहिं खालीनै रह्यो । तर राज्यको बागडोर बाबुकै हकदार भएर बसेकी रुद्र मल्लकी छोरी नायकदेवीकै हातमा थियो । आखिर वि. सं. १४०३ सालमा १० दिनकी छोरी राजल्लदेवीलाई छाडी आमा नायकदेवीको मृत्यु भयो । पितामही (बाबुकी आमा) देवलदेवीले बडो कष्टको साथ पालिन् । पछि आनन्ददेवका पलान्चोकमा जन्मेका मठ्याहा छोरा राजदेवलाई वि. सं. १४०४ मा सबैका सल्लाहले राजा बनाइ गद्दीमा राखियो" भन्ने घटनाको बर्णन गोपाल राजवंशावलीमा स्पष्टसंग लेखिएको छ ।

यसरी स्पष्टसंग लेखिएको कुरालाई पनि "धनबज्र बज्राचार्यजी वि. सं. २०१३ साल शिवरात्रिमा प्रकाशित इतिहास संशोधन ७ संख्या ३९ क्रमागत संख्याको पृष्ट ६ मा "हर्रसिंह देव आएको केही कालपछि ३० वर्षको उमेरमा रुद्र मल्लको मृत्यु भयो । ... ... रुद्र मल्लको छोरा जन्मी केही कालमानै मरेका हुनाले शासनको बागडोर रुद्र मल्लकी रानी देवलदेवीको हातमा थियो" भनी बहकिनु हुंदै 'राजल्ल देवीकी बाबुकी आमा देवलदेवीलाई रुद्र मल्लकी रानी ) राजल्लदेवीकी आमाकी आमा ) भनी अड्कलको आधारमा यस्ता अशुद्ध कुराहरू लेख्नुहुन्छ ।

बाबुकी आमालाई तथा आमाकी आमालाई के के भनिन्छ र भन्नुपर्छ भन्ने कुरा पनि धनबज्र बज्राचार्यजीलाई थाहा रहेनछ । उहाँ बाबुकी आमालाई आमाकी आमा बनाउन कुनै संकोचै मान्नुहुंदो रहेनछ भन्ने कुरा यी उद्धृत अशुद्ध वाक्यबाट स्पष्ट हुन्छ ।

**कारणः—**

वि. सं. १३८३ मा रुद्र मल्लको मृत्युपश्चात् बाबुको हकदार भएर बसेकी नायक देवीले दश दिनकी छोरी राजल्लदेवीलाई छाडी स्वर्गको बाटो तताएपछि आफ्नी नातिनी राजल्ल देवीलाई बडोकष्टका साथ पालन पोषण गर्दै काखमा राखी आफू हर्ताकर्ता बनी शासन गर्ने नायिकाको रूपमा देवलदेवी देखा परेकी छन् ।

हुनत देवलदेवी कसरी पत्नी तथा आमा हुन् भन्ने कुरा गोपालराज वंशावलीमा लेखिएको छैन तापनि राजल्लदेवीकी पितामही (बाबुकी आमा) हुन् भन्ने कुरा स्पष्टसंग किटेरनै लेखिएको छ ।

फेरि देवलदेवी तिरहुतका राजा हर्रसिंह देवकी पत्नी हुन् र एक जना छोराको साथ नेपाल उपत्यकामा पसेकी थिइन् भन्ने कुरा दोलखामा प्राप्त चण्डीको पुस्तकमा टिपिएको एक घटनाबाट थाहा हुन्छ [1] । त्यसकारण देवलदेवी

---

१ पानी परी मकाउन लागेको तथा केही अक्षर उडिसकेको सो पुस्तकबारे एक वर्षभन्दा अगाडिनै मैले पुरातत्व विभागका निर्देशकज्यूसंग त्यसको सुरक्षा चांडो हुनुपर्छ भनी अनुरोध गरेको थिएं । सो पुस्तकको समयमानै राम्रो सुरक्षा भै सबै अक्षरहरू पढ्न सके स्थिति मल्लको वंश र स्थिति मल्लबारे निकै कुराहरू प्रकाशमा आउलान् जस्तो मलाई लाग्दछ ।

रुद्र मल्लकी रानी नभई राजल्लदेवीकी पितामही तथा हर्रसिंहदेवकी रानी हुन् भन्ने स्पष्ट छ ।

**प्रमाण:—**

...तस्य स्वर्गस्तै सम्वत्सरो षड्युगवेदा ४४६ आषाढी पूर्णमा रात्रि भागे दाराचतु अग्निप्रवेश कृतम् । तस्य सुनु जायमानें कतिपय दिवसांतरेण मृत्यु ।। पुत्री सती नायकदेवी नाम: पितामही श्री पदुमलदेवीना प्रतिपालितं ।। श्री देवल देवीद्धयोपि ।। (गो. रा. वंशापली २७ पत्रबाट)

संबत् ४४६ आषाढ पूर्ण्णमी दारा: समे ··· ···र जायमान कतिपय दिवसान्तरे मृत्यु: ।। पुत्रीसती नायकदेवी नाम पितामही श्री पदुमल्ल देवीना प्रतिपालिता श्री देवलदेवी द्वयोरपि ···। (केशर–वंशावली १२ पत्रबाट)

तस्य पुत्री श्री राजलदेवी नाम: ।। जातेन दशदिवसान्ते मातुश्च मृत्यु ।। पितामही श्री देवलदेवीना अजिकष्टेन प्रतिपालितं ।। (गो. रा. वंशावली २८ पत्रबाट)

अत्रान्तरे कर्ण्णटवमशिज श्री ज (ग) तसिंहदेव समाहित संगृह्य पुत्री श्री राजलदेवी नाम । दशदिनान्ते माता स्वर्गगक...पितामह्या अतिकष्टेन प्रतिपालिता श्री देवलदेवी नाम कृ··· ···प्रतिपालिता जीविता च ।। (केशरवंशावली १३ पत्रबाट)

पितामही—ना. (सं.) बाबुकी आमा; वर्ज्यै; पितृ-प्रसू । पितृप्रसू—ना. (सं.) वर्ज्यै, पितामही । (नेपाली शब्द कोशको पृष्ट ६४६ बाट)

पितामही—(सं. स्त्री.) पितामहकी स्त्री; दादी । (हिन्दी शब्दकोशबाट)

......तुरकैर्दू रिक्त सपरिवार तिरहुत राजा मन्त्रिभि: सहारण्यं प्रविष्ट: । पुत्रेण सहिता पत्नी देवलक्ष्मी देवी च स्वकुटुम्बै: सह् वलं याचितुं नेपाले प्रविष्टती: ।। (दोलखामा प्राप्त तात्कालिक ढिपोटबाट)

वि. सं. १३८२ साल माघ शुक्ल तृतीयाका दिन तिरहुतका राजा हर्रसिंहदेवले सैनिकहरू जम्मा पारी आफू अघि सरी दिल्लीका बादशाह गयासुद्दीन तुगलकमाथि जाइलागे । हर्रसिंह देवसंग गयासुद्दीन तुगलकको घमासान युद्ध भयो । अन्त्यमा हर्रसिंहदेवको केही जोर चलेन र गयासुद्दीन तुगलकका सैन्यहरूले सिम्रौनगढलाई ध्वस्त पारीदियो । त्यसैले तिरहुतका राजा तथा भारादारहरू सबै जङ्गल पसे । ...... केही कालपछि आफ्ना परिवार र मन्त्रीहरूसहित भएर राजग्राम, दोलखातिर आउंदा तीनपाटनमा पुगेपछि राजा हर्रसिंहदेवको मृत्यु भयो । यिनका छोरा र मन्त्री दुवै कैद गरीए, परिवार पनि समातियो तथा राजग्रामका माझि (माझी) भारोहरूले हर्रसिंहदेवका सारा संपत्ति लुटे ।

त्यसको केही वर्षपछि हर्रसिहदेवका मन्त्री चण्डेश्वरले राजग्राम कब्जा गरे" भनी गोपाल राज वंशावलीमा यी कुराहरू लेखिएका छन् ।

"तर धनबज्र बज्राचार्यजी इतिहास संशोधन ७ संख्या ३९ क्रमागत संख्याकै पृष्ट १० मा परन्तु हर्रसिंहदेव र उनका मन्त्रीले दोलखातिर आफ्नो अधिकार जमाए तापनि नेपाल उपत्यकाभित्र विजय गर्न सकेका थिएनन् भन्ने कुरा माथिको उद्धरणबाट स्पष्ट भैसकेको छ । उनी दोलखातिर आउन लाग्दा तीनपाटन भन्ने ठाउँमै मरिसकेका राजा हर्रसिंहदेवले मन्त्रीसहित भएर दोलखातिर आफ्नो अधिकार जमाए भन्दै बुझक्कड बनी नचाहिँदा यस्ता अशुद्ध कुराहरू लेख्नुहुन्छ ।

**कारण:—**

दिल्लीका बादशाह गयासुद्दीन तुगलकहरूको मारले भागेका तिरहुतका राजा हर्रसिहदेव आफ्ना जाहान तथा मन्त्रीहरू लिएर दोलखातिर आक्रमण गर्न गएका थिएनन् । बरु नेपालका अरू राजाहरूसंग मद्दत माग्न भनी दोलखातिर जानका लागि पाहाडी भागमा पसेका थिए ।

कुनै ठाउंमा अधिकार गर्नु छ भने दलबलसहित भएर युद्धको लागि चाहिने सेना, हतियार आदि लिएर जानुपर्दछ । तर हर्रसिंहदेव त्यसरी गएका थिएनन् । त्यसैले त तीनपाटन भन्ने ठाउंमा उनको मृत्यु हुनासाथ राजग्रामका माझी भारोहरूले हर्रसिंहदेवको सारा संपत्ति लुटे तथा मन्त्री छोरा दुवैलाई कैद गरे ।

यदि हर्सिंहदेव र उनका मन्त्रीले दोलखातिर अधिकार जमाएका भए राजग्रामका माझी भारोहरूले उनको संपत्ति लुटी मन्त्री र छोरालाई कैद गर्नु संभव थिएन। एकत हर्सिंहदेवको दोलखा पुग्न कोसौं बाटो वरनै तीनपाटन भन्ने ठाउंमा मृत्यु भयो। यसरी दोलखातिर आउंदा तीनपाटन भन्ने ठाउंमानै मरिसकेका राजा हर्सिंहदेवले दोलखातिर मन्त्रीसमेत भएर अधिकार जमाए भन्नु बिलकुल अशुद्ध हो। तर हर्सिंहदेव मरेको केही वर्षपछिमात्र चण्डेश्वरले राजग्रामलाई वि. सं. १३८८ मा कब्जा गर्न सकेका थिए।

**प्रमाणः-**

सं. ४४६ माघ सुदि ३ तिरहुतिः हर्सिंह राजा नस मिथ्लासन्तोसन्त्र गहीटो ढिलींस तुरकया के वङ रापत मोनारपमू थमू अगुमनयाङ वस्यभ् शिमरावन ग्रह भङ्ग याङ, तिरहुतिया राजामहाथा आदिन समस्त वडंङ व्यसन बङ्गटोमू ग्लव छिनो लिन्दुंविर ववः ग्वलछिन राजग्राम दूलश्या धारे वंग्व। टिंपाटस राजा हर्सिंह टोशिक्क ध्वस कायन महानथ उभय वंधियङा कुलनं जोङ विफंम्वा रजगामया मझिभारो धायान समस्त धन कासन।

(गो. रा. वं. को पत्र ४६ बाट)

सं. ४५२ मार्गशिर शुदिपर चंडनएश्वरन राजगाम काया दिन। (गो. रा. वं. को पत्र ४७ बाट)

अरू हेर्नुहोस् प्राचीन नेपाल अक १० मा प्रकाशित राजग्रामको पृष्ट ५१

**भूलसुधार**

प्राचीन नेपालका निम्न अंक र ठाउंहरूमा भूलबाट अशुद्ध छापिइकोले संशोधन गरी पढ्न अनुरोध छ।

| पृष्ठ | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| | अंक १० माः- | | |
| ४८ | २९ | ११० | १९० |
| ४९ | २५ | प्यासफुबाट | ठ्यासफुबाट |
| ५० | ३९ | तामापत्रबाट | ताडपत्रबाट |
| ५१ | १ | प्रभावतीदेवी | पद्मावतीदेवी |
| ५१ | ४ | तामापत्रबाट | ताडपत्रबाट |
| ५१ | ६ | वि. सं. १३८१ | वि. सं. १३८२ |
| ५१ | २३ | २२३ | २३३ |
| ५१ | २६ | दोलखामा | दोलखातिर |
| ५१ | ३० | ३ कोस | ५ कोस |
| | अंक ९ माः- | | |
| ५२ | १० | अभिलेखप्रकाश | अभिलेखसंकलन |

मोहनप्रसाद खनाल